# सरकारी वकील र अनुसन्धान अधिकारीहरूबीचको छलफल कार्यक्रम

**छलफलको आवश्यकता-**

१. महान्यायाधिवक्ताको कार्यालयको च.नं. १२८९४ मिति २०७८/११/०५ गतको प्राप्त पत्रानुसार मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ४ मा कसूरको जाहेरी दरखास्त वा सूचना दिनुपर्ने व्यवस्था रहेको, सोही संहिताको दफा ५ मा जाहेरी दरखास्त वा सूचना दर्ता नगरेमा उजुर गर्न सक्ने व्यवस्था साथै सोही संहिताको दफा ११ मा भ्रमपुर्ण, झुट्टा वा काल्पनिक जाहेरीलाई तामेलीमा राख्ने समेतको व्यवस्था रहेको छ । जाहेरी दर्ता नगरी दिएको विषयलाई लिएर रिटको माध्यमबाट जाहेरी दर्ता गरी कारवाही गर्नु परेको अवस्था रहेको र उपर्युक्त कानूनी व्यवस्था समेतलाई हेर्दा जाहेरी दर्ताका सम्बन्धमा एकरुपता कायम गरी कानून कार्यान्वयनमा सहजताका लागि के गर्दा उपयुक्त हुन्छ भन्ने विषयमा अध्ययन गरी आवश्यक सुझाव सहित र सरकारी वकील र प्रहरी अधिकृत बिच छलफल चलाई सुझाव पेश गर्नुहुन भनी लेखिआएको ।

सोही बमोजिम यस जिल्लाका सरकारी वकील र प्रहरी अधिकृत बिच मिति २०७८/११/११ गते छलफल गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ४, ५ र ११ मा भएका कानूनी व्यवस्था उपर छलफल भई निम्न बमोजिमका सुझाव पठाउनका लागि निर्णयहरु गरियो ।

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ र ५ अन्तरर्गतका जाहेरी दरखास्त, सम्बन्धित प्रहरी कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, माथिल्लो प्रहरी कार्यालय र गृह मन्त्रालय का साथै हुलाकबाट समेत प्रेषित गरी जाहेरी दरखास्त दर्ता गर्ने व्यवस्थापन भएकोमा जाहेरी दरखास्त कानूनमा उल्लेखित निकायहरुमा विभिन्न माध्ययमबाट जाहेरी दर्ता गर्नु उपयुक्त हुने ।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५(४) बमोजिमको अवस्थामा दोहोरो भ्रमपूर्ण झुठा र काल्पनिक जाहेरी सम्बन्धमा ऐ. संहिताको दफा ५(५) बमोजिम सम्बन्धित निकायले जाहेरी दर्ता गर्ने वा नगर्ने निर्णय गरी माथिल्लो निकायहरुमा पठाउने र जाहेरवालालाई पनि यथोचित समयमा जानकारी गराउने व्यवस्था गर्ने ।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५ को उपदफा (४) बमोजिम परेको जाहेरी दरखास्तलाई दर्ता गरी अनुसन्धान कार्य अगाडि बढाउनुका साथै तामेली राखदा स्पष्ट आधार र कारण खुलाउने ।

४. यस जिल्लामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ४ को कार्यान्वयन अवस्था राम्रो रहेको, दफा ११ को कार्यान्वयन गर्नु पर्ने अवस्था नपरेको ।

५. जाहेरी दर्ता तथा तामेलीमा राख्ने कानूनी व्यवस्थाको कार्यन्वयन गर्दा कुनै द्विविधा भए आपसी समन्वय गर्ने ।

६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५ मा जाहेरी दरखास्त दर्ता गर्ने प्रहरी वाहेक अन्य कार्यालयहरु जाहेरी वा सूचना दर्ता गर्नुपर्ने प्रहरी कार्यालयभन्दा माथिल्लो तहको प्रहरी कार्यालय र प्रमुख जिल्ला अधिकारी समक्ष उक्त जाहेरी वा सूचना दिन सक्ने व्यवस्था भएकोमा प्रारम्भिक रुपमा आउने जाहेरी दरखास्तलाई प्रहरीले झुट्टा वा काल्पनिक जस्तो बुझेमा वा प्रारम्भिक अनुसन्धानबाट त्यस्तो देखिन आएमा दर्ता नगर्ने तथा तामेलीमा राख्न सक्ने कानूनी व्यवस्था भएता पनि पछिल्लो समय प्राय: एक अर्काको पुरानो रीसइवी तथा अन्य प्रतिशोधको कारणबाट समेत जाहेरी दर्ता प्रक्रियामा आउने प्रचलन देखिएको हुँदा प्रहरीले दर्ता प्रक्रियामा नजाँदा जाहेरी दिने पक्षले सामाजिक संजाल तथा संचार माध्यममा प्रहरीले वदनियतपूर्वक जाहेरी लिन र दर्ता गर्न नमानेको प्रचार गरी स्वंयम प्रहरी कार्यालयबाट अनुसन्धान अधिकृत माथि नै शंका उत्पन्न हुने खाले अफवाह फेलाउने गरेबाट अनुसन्धानबाट जे जस्तो देखिन्छ सोही अनुरुप भई नै जाने हुनाले जाहेरीलाई अभियोजन गर्ने निकाय सँग समन्वय गरी दर्ता गर्नु नै उपयुक्त हुने ।

७. तामेलीमा राख्न सक्ने समयावधी ३ (तीन) दिन भित्र भन्ने तोकिएबाट कतिपय अवस्थामा ३ (तीन) दिनमै जाहेरी झुट्टा, भ्रमपूर्ण वा काल्पनिक के हो अनुसन्धान गरी छुट्याउन सो समयावधी कम भएको देखिन्छ । यदि तामेलीमा राख्न सक्ने समयावधी कम्तीमा १५ (पन्ध्र) दिन हुन सकेमा सम्बन्धित जाहेरवालाको घट्ना पछिको तत्कालिन आवेग समेत परिवर्तन हुन गई यथार्थता बारे सम्झाई बुझाई समेत गर्न सकिने अवस्था हुन सक्ने भएको हुदाँ उक्त ३ (तीन) दिनको समयलाई संसोधन गर्न आवश्यक रहेको ।

**उपस्थिति**

| | |
|---|---|
| स.जि.न्या.व. श्री दीपेन्द्र दनुवार | जिल्ला सरकारी वकील कार्यालय, कालीकोट |
| प्र.ना.उ. श्री शिद्धराज न्यौपाने | जिल्ला प्रहरी कार्यालय, कालीकोट |
| प्र.नि. श्री महेश विक्रम शाही | जिल्ला प्रहरी कार्यालय, कालीकोट |
| प्र.नि. श्री भुपेन्द्र शाही | जिल्ला प्रहरी कार्यालय, कालीकोट |